# सुरक्षा गार्डको
# सेवा करारमा लिने सम्बन्धी सिलबन्दी प्रस्ताव

सूचना नं.: DOHS/NS/NCB-218/2015-16/Security Service For Department of Health Services

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
आपुर्ति व्यवस्था महाशाखा
टेकु,काठमाण्डौ

२०७३ श्रावण

# विषय सूची


| | | |
|---|---|---|
| खण्ड १ : | सिलबन्दी प्रस्ताव आव्हान | २ |
| खण्ड २ : | सिलबन्दी प्रस्ताव दातालाई निर्देशन | ३ |
| खण्ड ३ : | सेवा करार खरिद सम्झौताका शर्तहरु | ७ |
| खण्ड ४ : | सुरक्षा गार्डको कार्यक्षेत्रगत शर्त तथा कार्य विवरणहरु | १४ |
| खण्ड ५ : | सिलबन्दी प्रस्ताव फारम र मूल्य अंकित परिमाण सूची | १६ |
| खण्ड ६ : | नमूना फारमहरु | २९ |


Government of Nepal
Ministry of Health & Population
Department of Helath Services
Teku, Kathmandu

## खण्ड १ : सिलबन्दी प्रस्ताव आव्हान

### सुरक्षा गार्डको सेवा करारमा लिने सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हान

सूचना नं.: DOHS/NS/NCB-218/2015-16

प्रथम पटक प्रकाशित मितिः २०७३/०४/१९

१. स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखा तथा केन्द्रिय स्टोर पथलैयाको लागि आर्थिक वर्ष ०७३/०७४ को लागि देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।

| | |
|---|---|
| सुरक्षा गार्ड संख्याः | स्वा.से.वि. टेकुको लागि ६ जना तथा केन्द्रिय स्टोर पथलैयाको लागि १ जना गरि जम्मा ७ जना |
| आवश्यक सेवा अवधिः | शुरुमा एक आ. व. (आ.व. २०७३/०७४ अवधि) को लागि र सेवा सन्तोषजनक रहेमा थप एक आ. व. को लागि अवधि थप गर्न सकिनेछ। |

२. सिलबन्दी प्रस्ताव फाराम तथा यस सम्बन्धि थप जानकारी **स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखा, टेकु, फोन नं. ४२६१७६८** वाट प्राप्त गर्न सक्नेछ।

३. प्रस्ताव सम्बन्धी कागजात **२०७३/०४/१९** देखि कार्यालय खुलेको दिन कार्यालय समय भित्र चालु आ.ब.को लागि नवीकरण भएको ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. ०७१/०७२ को कर चुक्ता प्रमाण-पत्र, मु.अ.कर/स्थायी लेखा नंम्बर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन दिई रु. १०००।- दस्तुर **राष्ट्रिय वाणिज्य वैंक, टेकु शाखाको राजस्व खाता नं. १४२२७, कार्यालय कोड नं. २७–३७०–११, खाता नं. १–१–०००१** बुझाई (फिर्ता नहुने गरी) खरीद गर्न सकिनेछ। प्रस्ताव सम्बन्धी कागजात **२०७३/०५/१६** गते कार्यालय समय सम्म बिक्रीका लागि उपलब्ध हुनेछ।

४. खरीद भएको सिलबन्दी प्रस्ताव **२०७३/०५/१७** गते मध्यान्न १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, प्रस्तावदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।

५. सिलबन्दी प्रस्तावको मान्य अवधि प्रस्ताव खोलिने दिनवाट ९० दिनको हुनु पर्नेछ र सिलबन्दी प्रस्ताव साथ कम्तिमा **रु. २५,०००/-** बराबरको जमानत वापत नगद जमानि वा सो रकम बराबर सिलबन्दी प्रस्ताव खोलिने मितिबाट कम्तिमा ३० दिन (**२०७३/०९/१५ सम्म**) म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।

६. दर्ता भएका सिलबन्दी प्रस्ताव **२०७३/०५/१७** गते दिउंसो १:०० बजे सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।

७. सिलबन्दी प्रस्ताव खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८. सिलबन्दी प्रस्ताव स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा कूल ठेक्का अंकको ५ प्रतिशत ले हुने रकम बरावरको नगद जमानि वा घटीमा १२ महिना म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको कार्य सम्पादन जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

११. सिलबन्दी प्रस्ताव पुरै वा आंशिक, स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखा निहित रहनेछ।

१२. एक फर्मको नाममा खरीद गरिएको सिलबन्दी प्रस्ताव फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।



Government of Nepal Ministry of Health & Population Department of Helath Services Teku, Kathmandu

## खण्ड २ : सिलबन्दी प्रस्तावदातालाई निर्देशन

**१. कार्यक्षेत्र (Scope) :**
यस पुस्तिकामा संलग्न कार्यक्षेत्रगत शर्त र कार्य विवरण (Terms of Reference & Job Description) तथा परिमाणको सूची अनुसारको सेवा प्रदान गर्नको लागि सिलबन्दी प्रस्ताव आव्हान गरिन्छ । उल्लेखित सूचना तथा विवरणहरु ध्यानपूर्वक अध्ययन तथा परीक्षण गरी प्रस्ताव पेश गर्न सेवा प्रदायकलाई जानकारी गराइएको छ ।

**२. योग्य सिलबन्दी प्रस्तावदाता :**
यस सिलबन्दी प्रस्तावका लागि निम्न योग्यता पुगेका इजाजत प्राप्त फर्म तथा संस्थाहरु संभावित सिलबन्दी प्रस्ताव दाता हुने छन् ।

(क) फर्म वा कम्पनी दर्ता प्रमाण पत्र अद्यावधिक भएको
(ख) मु. अ. कर दर्ता प्रमाण-पत्र प्राप्त
(ग) कर चुक्ता प्रमाण-पत्र प्राप्त
(घ) प्रस्ताव बुझाउन अधिकार प्राप्त प्रतिनिधित्व भएको
(ङ) सुरक्षा सेवा प्रदायकको रुपमा कम्तिमा ५ (पांच) बर्षको कार्य अनुभव भएको

**३. एक सिलबन्दी प्रस्ताव एक सिलबन्दी प्रस्तावदाता :**
प्रत्येक सिलबन्दी प्रस्ताव दाताले एउटा मात्र सिलबन्दी प्रस्ताव दाखिला गर्नुपर्नेछ । एक भन्दा बढी सिलबन्दी प्रस्ताव पेश गरेमा सो सिलबन्दी प्रस्ताव दाता सहभागी भएको सबै सिलबन्दी प्रस्ताव रद्द हुनेछन् । शुरुमा एक फर्म, कम्पनी वा संस्थाको नामबाट खरिद गरी पछि अर्को फर्म, कम्पनी वा संस्थासाग संयुक्त उपक्रम बनाई प्रस्ताव पेश गर्न समेत सकिने छैन ।

**४. सिलबन्दी प्रस्ताव पुस्तिकासाथ संलग्न कागजातहरु :**
सिलबन्दी प्रस्ताव पुस्तिकामा तल उल्लेखित कागजपत्रहरु संलग्न रहनेछन् :

१. सिलबन्दी प्रस्ताव आव्हानको सूचना
२. सिलबन्दी प्रस्ताव दातालाई निर्देशन
३. सम्झौता का शर्तहरु
४. कार्यक्षेत्रगत शर्त र कार्य विवरण (Terms of Reference & Job Description)
५. सिलबन्दी प्रस्ताव फारम र मूल्य अंकित परिमाण सूची
६. जमानत तथा नमूना फारमहरु

**५. सिलबन्दी प्रस्ताव पुस्तिकाको बारेमा स्पष्टिकरण :**
संभाव्य सिलबन्दी प्रस्तावदाताले सिलबन्दी प्रस्ताव पुस्तिका बारे प्रष्टिकरण वा व्याख्या चाहेमा लिखित रुपमा अनुरोध गर्नु पर्नेछ र खरिदकर्ताले यसको जवाफ दिनेछ । यसरी दिएको जवाफको जानकारी श्रोत उल्लेख नगरिकन सिलबन्दी प्रस्ताव पुस्तिका खरिद गर्ने सबैलाई उपलब्ध गराउनेछ ।

**६. सिलबन्दी प्रस्तावको भाषा :**
सिलबन्दी प्रस्ताव सम्बन्धी सम्पूर्ण कागजपत्रहरु नेपाली वा अंग्रेजी भाषामा हुनेछ ।

**७. सिलबन्दी प्रस्तावसंग संलग्न गर्नु पर्ने कागजपत्रहरु :**
सिलबन्दी प्रस्ताव दाताले पेश गर्नु पर्ने सिलबन्दी प्रस्तावसाथ निम्न कागजपत्रहरु संलग्न हुनु पर्ने छ ।

क) सिलबन्दी प्रस्ताव फारम र मूल्य अंकित परिमाण सूची,
ख) सिलबन्दी प्रस्ताव जमानत,
ग) कार्यक्षेत्रगत शर्त र कार्य विवरण (Terms of Reference & Job Description),
घ) प्रस्ताव दाताको अधिकार प्राप्त प्रतिनिधिको दस्तखत नमुनाको पत्र,



Government of Nepal Ministry of Health & Population Department of Helath Services Teku, Kathmandu

ङ) कम्पनी दर्ता प्रमाणपत्र (अद्यावधिक नविकरण भएको), मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र तथा आ. व. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्र,
च) सुरक्षा सेवा उपलब्ध गराउनका लागि पाएको स्वीकृतपत्रको प्रतिलिपि,
छ) सुरक्षा गार्डको उमेर कम्तिमा २१ देखि बढीमा ५० वर्षको हुनु पर्ने हुंदा सम्बन्धित जनशक्तिको नागरिकताको प्रतिलिपि,
ज) खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र प्रस्तावदाताले निजको ब्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भन्ने सम्बन्धमा लिखित घोषणा पत्रको सक्कल प्रति,
झ) प्रस्तावदाताले आफ्नो प्रतिनिधि वा स्थानीय एजेन्ट राखेको भए निजलाई दिएको अख्तियारनामाको कागजात,
ञ) संयुक्त उपक्रम बनाई प्रस्ताव पेश गरेको भए संयुक्त उपक्रम सम्बन्धि सम्झौता,
ट) प्रस्तावदाताको योग्यता पुष्ट्याईं गर्ने देहायका कागजातहरुः

- प्रस्तावदाता फर्म, संस्था वा कम्पनीले विगत पाच आर्थिक वर्षमा सरकारी, गैर सरकारी वा निजी संस्थामा आपूर्ति गरेको भएमा सम्बन्धित निकायबाट काम गरेको प्रमाणको प्रतिलिपि,
- आपूर्ति गरिने प्रत्येक जनशक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि र उक्त प्रस्तावित जनशक्तिले सुरक्षा गार्डको रुपमा कार्य गरेको अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।

स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखावाट खरिद गरिएको सिलबन्दी प्रस्तावको मूल प्रतिको प्रत्येक पेजमा अधिकार प्राप्त व्यक्तिद्वारा हस्ताक्षर गरि छाप लगाएको हुनुपर्नेछ ।

माथी उल्लेख गरिए अनुसार नभएमा वा उल्लेख गरिएका कागजातहरु संलग्न नभएमा उक्त सिलबन्दी प्रस्ताव रद्द भएको मानिनेछ ।

**८. सिलबन्दी प्रस्ताव मूल्य :**

सिलबन्दी प्रस्तावदाताले पेश गरेको पुरा काम वा परीमाणको लागि मूल्य अंकीत परीमाण सूचीमा सवै आइटम (Item) को एकाइ दर र जम्मा रकम नेपाली रुपैयाामा भर्नु पर्नेछ । कुनै पनि आइटमको लागि दर उल्लेख नगरे उक्त आइटमको दर अरुमा उल्लेखित दरमा समावेश भएको मानिनेछ । प्रस्तावमा दर उल्लेख गर्दा सो दरमा नै कम्पनी/संस्था/फर्मको सबै शिरोभार खर्च, शुल्क, फि, युनियफर्मको खर्च, टर्च र ब्याट्रीको खर्च, ओभरटाईम, औषधि भत्ता तथा अन्य सुविधा आदी समाबेस भएको हुनुपर्नेछ । प्रस्ताव दाताले तिर्नु पर्ने सवै करहरु र अन्य शुल्क दरभाउमा समावेश गरि मूल्य निकालेको भनि मानिने छ र त्यसै अनुसार सिलबन्दी प्रस्तावको मूल्य निकालेको मानिने छ । प्रस्तावदाताले सिलबन्दी प्रस्तावमा कबोल गरेको दर तथा मूल्य सम्पूर्ण ठेक्का सम्झौता र कार्य सम्पादन नहुन्जेल सम्म अपरिवर्तनिय र मान्य रहनेछ । प्रस्तावदाताले कबोल गरेको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै सर्त राख्न पाइने छैन ।

**९. सिलबन्दी प्रस्तावको मान्यता :**

सिलबन्दी प्रस्ताव फारम सिलबन्दी प्रस्ताव खोलेको मितिवाट ९० दिन सम्मको लागि मान्य हुनेछ ।

**१०. सिलबन्दी प्रस्ताव जमानत (Bid Security) :**

सिलबन्दी प्रस्ताव साथ कम्तिमा रु. २५,०००/- (रु. पच्चीस हजार) बराबरको जमानत वापत नगद जमानि वा सो रकम बराबर सिलबन्दी प्रस्ताव खोलिने मितिबाट कम्तिमा १२० दिन (**२०७३/०९/१५ सम्म**) म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । सिलबन्दी प्रस्तावदाताले सिलबन्दी प्रस्ताव जमानत वापतको रकम जम्मा गर्दा खरिदकर्तालाई मान्य हुने बैंकबाट जारी गरिएको बैंक ग्यारेण्टि पेश गर्नु पर्ने छ ।

**११. फारम र सिलबन्दी प्रस्तावमा हस्ताक्षर :**

सिलबन्दी प्रस्ताव टाइप गरेको वा नमेटिने मसीले लेखिएको हुनुपर्नेछ र अधिकार प्राप्त व्यक्तिद्वारा हस्ताक्षर भएको हुनुपर्नेछ । सिलबन्दी प्रस्तावको हरेक पानाका अतिरिक्त कुनै थपघट वा सच्याइएको ठाउंमा पनि उक्त व्यक्तिबाट नै सहि गरीएको हुनुपर्नेछ ।



Government of Nepal
Ministry of Health & Population
Department of Helath Services
Teku, Kathmandu

**१२. सिलबन्दी प्रस्ताव शिलबन्दी र संकेत गर्ने :**

सिलबन्दी प्रस्ताव दाताले सिलबन्दी प्रस्तावहरुलाई खाममा राखी लाहछाप लगाउनु पर्नेछ । खामको बाहिर सिलबन्दी प्रस्ताव आव्हानको सूचनामा उल्लेख भए बमोजिम सिलबन्दी प्रस्ताव माग गर्ने कार्यालयको नाम, ठेगाना लेख्नु पर्नेछ र यस ठेक्काको नाम तथा नम्बर पनि लेख्नु पर्नेछ । यसका साथै खामको बाहिर प्रस्ताव दाताको नाम र ठेगाना उल्लेख भएको हुनु पर्नेछ ।

**१३. सिलबन्दी प्रस्ताव दाखिला गर्ने स्थान, अन्तिम मिति र समय :**

सिलबन्दी प्रस्ताव दाखिला गर्ने स्थान, अन्तिम मिति र समय देहाय बमोजिम हुनेछ ।

प्रस्ताव पेश गर्ने स्थान : **स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखा, टेकु,।**

प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय : **२०७३ गते दिनको १२:०० बजेसम्म ।**

**१४. म्याद भित्र नआएका :**

म्याद नाघी आएको सिलबन्दी प्रस्ताव स्वीकार गरिने छैन र त्यसलाई नखोलीकनै सिलबन्दी प्रस्ताव दातालाई फिर्ता गरिनेछ ।

**१५. सिलबन्दी प्रस्ताव परिमार्जन तथा फिर्ता :**

एक पटक दर्ता गराएको सिलबन्दी प्रस्ताव फिर्ता वा परिमार्जन गरिने छैन ।

**१६. सिलबन्दी प्रस्ताव खोल्ने :**

सिलबन्दी प्रस्ताव आव्हानको सूचामा उल्लेख भएको स्थान, मिति र समयमा सिलबन्दी प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा सिलबन्दी प्रस्तावहरु खोलिने छ । सिलबन्दी प्रस्ताव खोलीसके पछी खरिदकर्ताले सिलबन्दी प्रस्ताव दाताको नाम, निजले कवोल गरेको रकम, कुनै छुट सहुलियत (Discount) रहेछ भने सो को विवरण, जमानत रकम भए नभएको र प्रर्याप्त भए नभएको, खरिदकर्ताले उचित ठहराएको अन्य कुनै जानकारी पढेर सुनाउने छ । खरिदकर्ताले सिलबन्दी प्रस्ताव खोलेको अभिलेख तयार गर्नेछ र उपस्थित सवैको सहि गराउनेछ ।

**१७. अपनाएको प्रक्रिया गोप्य रहने :**

सिलबन्दी प्रस्तावहरुको जांच, स्पष्टिकरण, मुल्यांकन र तुलनात्मक प्रक्रिया के-कसरी गरेर ठेक्का प्रदान गर्नका लागि सिफारिसहरु भएका छन् आदि विषयहरु जब सम्म सफल सिलबन्दी प्रस्तावदाताले ठेक्का पाउादैन तबसम्म गोप्य राखी कुनै प्रस्तावदाता वा अन्य व्यक्ति जो यो संग सरोकार छैन, त्यसलाई समेत जानकारी दिइने छैन । यदि कुनै सिलबन्दी प्रस्तावदाताले सिलबन्दी प्रस्ताव मूल्यांकन गर्ने कार्यालयलाई नाजायज दवाव र प्रभावपारी ठेक्का दिने निर्णयलाई बदलेर काम हत्याउन खोजेमा निजको सिलबन्दी प्रस्ताव रद्द हुनेछ ।

**१८. सिलबन्दी प्रस्तावको मुल्यांकल :**

प्रस्तावहरुको बिस्तृत मूल्यांकन गर्नु भन्दा पहिले खरिदकर्ताले प्राप्त प्रस्तावहरु (क) धारा २ अनुसार योग्य रहे, नरहेको; (ख) आवश्यकता अनुसार सही छाप गरे, नगरेको; (ग) आवश्यकता अनुसार सुरक्षण जमानि रहे, नरहेको; र (घ) सारभूत रुपमा प्रस्ताव कागजातमा उल्लेख भए अनुसार प्रभावकारी भए, नभएको छुट्याउने छ ।

**१९. प्रस्तावहरुको मुल्यांकल तथा तुलना :**

खरिदकर्ताले सिलबन्दी प्रस्ताव पुस्तिकामा उल्लेखित सबै शर्तहरु पुरा गरेका सिलबन्दी प्रस्तावहरुको मात्र मुल्यांकन तथा तुलना गर्नेछ । सिलबन्दी प्रस्तावको मुल्यांकन गर्दा नियुक्तिकर्ताले प्रत्येक सिलबन्दी प्रस्तावको मूल्य ठहर गर्न त्यसमा भएका गल्ती र मान्न सकिने फेर बदल, थपघट र छुटलाई पनि विचार पुर्‍याई मुल्यांकित सिलबन्दी प्रस्ताव रकम कायम गर्नेछ । यसरी गल्ती सच्याउंदा निम्नानुसार गरिने छ :

(क) रकम उल्लेख गर्दा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्य गरिनेछ ।



Government of Nepal
Ministry of Health & Population
Department of Health Services
Teku, Kathmandu

(ख) एकाई दर र सोही हरफको परिमाणलाई गुणन गर्दाको योगमा वा कूल योगफलमा फरक परेमा एकाई दरलाई मानिनेछ ।

यदी यसरी सच्याइएको रकमलाई प्रस्ताव दाताले नमानेमा निजको प्रस्ताव अस्वीकृत गरिनेछ र निजले पेश गरेको धारा १० अनुसारको सिलबन्दी प्रस्ताव जमानत जफत गरिनेछ ।

२०. **ठेक्का प्रदान** :

खरिदकर्ताले सिलबन्दी प्रस्तावका शर्तहरु अनुरुप रीतपुर्वक पर्न आएका तथा स्वीकृत लागत अनुमान भित्र पर्ने सिलबन्दी प्रस्ताव मध्ये सबैभन्दा कम रकम कबोल गर्ने सिलबन्दी प्रस्तावदाताको रकम सिलबन्दी प्रस्ताव खोलेका १५ दिन भित्र स्वीकृत गरी निजलाई ठेक्का प्रदान गर्नेछ । तर सिलबन्दी प्रस्तावदाता धारा २ र धारा ७ मा भएको प्रावधान बमोजिम योग्य (Eligible) हुनु पर्दछ ।

२१. **सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने** :

कुनै सिलबन्दी प्रस्ताव दाताको सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने, वा नगर्ने सिलबन्दी प्रस्तावको सवै प्रक्रिया वा सबै सिलबन्दी प्रस्तावहरु ठेक्का प्रदान गर्नु अघि रद्द गर्ने समेत सम्पुर्ण अधिकार खरिदकर्तामा रहने छ । सिलबन्दी प्रस्ताव अस्विकृत वा रद्द भएको कारणबाट कुनै पनि सिलबन्दी प्रस्ताव दातालाई पर्न गएको हानी, नोक्सानी वा प्रभावको जिम्मेवार खरिदकर्ता हुने छैन । अस्वीकृत गर्ने वा ठेक्का प्रदान गर्नु अगावै कुनै कारण नजनाई वा त्यसबाट प्रभावित सिलबन्दी प्रस्तावदाताको जिम्मेवारी नलिई सिलबन्दी प्रस्ताव प्रक्रियालाई अस्वीकृत गर्ने सम्पुर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ ।

२२. **ठेक्का प्रदानको सूचना गर्ने र सम्झौतामा हस्ताक्षर गर्ने** :

सिलबन्दी प्रस्ताव मान्य हुने अन्तिम समय अगावै खरिदकर्ताले स्वीकृत भएको सिलबन्दी प्रस्तावदातालाई सूचित गर्नेछ । यस्तो सूचना अन्य सबै सहभागि प्रस्तावदाताहरुलाई पनि जानकारी गराइनेछ । स्वीकृत पत्रमा ठेक्काको रकम उल्लेख भएको हुनेछ । स्वीकृत पत्र पठाएको ७ दिन भित्र स्वीकृत भएको सिलबन्दी प्रस्तावदाताले धारा २३ मा उल्लेख भए बमोजिम जमानि बुझाई सम्झौता पत्रमा हताक्षर गर्नु पर्नेछ ।

माथी उल्लेखित अवधि भित्र स्वीकृत प्रस्तावदाताले सम्झौ ा ाग नसकेमा स्वीकृत ठेक्का रद्द गरिनेछ र निजले पेश गरेको सिलबन्दी प्रस्ताव जमानत जफत गरिनेछ । त्यस पश्चात दाश्रो सफल प्रस्तावदातालाई सो ठेक्का घोषित गरिनेछ ।

२३. **कार्य सम्पादन जमानत (Performance Security)** :

ठेक्का स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र स्वीकृत सिलबन्दी प्रस्तावदाताले कवोल गरेको जम्मा रकम को ५% बराबरको कार्य सम्पादन जमानत नगद जमानि वा खरिदकर्तालाई मान्य हुने नमूना तथा बैंकबाट जारी गरिएको बैंक ग्यारेण्टि ठेक्का प्रदान गर्ने कार्यालयमा पेश गर्नु पर्नेछ ।



Government of Nepal
Ministry of Health & Population
Department of Helath Services
Teku, Kathmandu

## खण्ड ३ : सेवा करार खरिद सम्झौताका शर्तहरु

**१. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सेवा करार खरिद सम्झौतामा उल्लेखित निम्न शब्दहरु र अभिव्यक्तिहरुको निम्न बमोजिमको अर्थ लाग्नेछ ।

१.१ "खरिद सम्झौता" भन्नाले सम्झौता, सम्झौतासाथ संलग्न सेवा करार, खरिद सम्झौताका शर्तहरु र परिशिष्टमा संलग्न कागजपत्रहरुलाई सम्झनु पर्दछ ।

१.२ "कार्य विवरण तथा कार्यक्षेत्रगत शर्त" भन्नाले परिशिष्टमा समावेश भएको सेवाको विवरण र सेवा प्रदायकले विश्वस्त पार्नुपर्ने कार्य र जिम्मेवारी तथा दायित्व सम्झनु पर्दछ । यसमा कुनै परिवर्तन भए सो समेत सम्झनु पर्दछ ।

१.३ "परिमाणसूची" भन्नाले मूल्य अंकित तथा सम्पूर्ण परिणामसूची बुझिन्छ । जसलाई प्रस्तावको अंग मानिनेछ ।

१.४ "खरिद निकाय" भन्नाले खरिद सम्झौतामा उल्लेखित सेवा करार उपयोग गर्ने "कार्यालय" वा कार्यालयले तोकेको व्यक्ति वा यसको कानून सम्मत अधिकारी सम्झनु पर्नेछ ।

१.५ "कार्यालय" भन्नाले **स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखा, टेकु,** भन्ने बुझ्नु पर्दछ ।

१.६ "सेवा प्रदायक" भन्नाले खरिद सम्झौतामा उल्लेखित फर्म, कम्पनी, संस्था वा उसको कानून सम्मत आधिकारिक उत्तराधिकारी सम्झनु पर्दछ ।

१.७ "कर्मचारी" भन्नाले कार्य विवरण तथा कार्यक्षेत्रगत शर्त बमोजिम सम्पादन गर्नु पर्ने कामको लागि दोस्रो पक्षले खटाएको व्यक्ति सम्झनु पर्दछ ।

१.८ "पार्टी वा पक्ष" भन्नले सेवाग्रही "कार्यालय" वा "सेवा प्रदायक" दुबैलाई सम्झनु पर्दछ ।

**२. कार्य प्रारम्भ मिति, समय र अवधि**

२.१ "कार्य प्रारम्भ मिति" भन्नाले खरिद सम्झौता हस्ताक्षर भएको ७ दिनपछि वा दुबै पक्षबीच भएको समझदारीको मितिलाई सम्झनु पर्दछ ।

२.२ "दिन" भन्नाले क्यालेण्डर (पात्रो) मा भएको एक दिनलाई सम्झनुपर्दछ ।

२.३ "खरिद सम्झौता सम्पादन" अवधि भन्नाले आर्थिक बर्ष ०७३/०७४ को असार मसान्तसम्मको अवधिलाई जनाउंदछ र सो शब्दले सेवा करार खरिद सम्झौताका बुंदा नं. २१ बमोजिम थप भएको सेवा करारको कार्य पुरा गर्ने समयावधि समेत लाई सम्झनु पर्दछ ।

**३. मुद्रा तथा सम्झौता रकम**

३.१ "मुद्रा" भन्नाले सेवा प्रदायकलाई भुक्तानी गर्ने "नेपाली मुद्रा" जनाउंदछ ।

३.२ "सम्झौता रकम" भन्नाले स्वीकृत पत्रमा सेवा प्रदायकलाई सेवा प्रदान गरे वापत दिने भनेको रकम बुझ्नुपर्दछ । र सेवा अवधि थप भएको अवस्थामा सो अवधिमा कार्य सम्पादन गरेवापत प्राप्त गर्ने रकम समेत जनाउंदछ ।

**४. अन्य परिभाषाहरु**

४.१ आपतकालिन परिस्थिति (असाधारण अवस्था) भन्नाले खरिद सम्झौता गर्नु अगावै पार्टीले अनुमान गर्न नसक्ने असाधारण प्रकृतिका घटना वा संकट, जसलाई पार्टीले पन्छाउन वा नियन्त्रण गर्न नसक्ने र जुन पक्षको निमित्त वास्तवमा प्रभावकारी हुन्छ त्यस्तो परिस्थितिलाई सम्झनु पर्दछ । यस शब्दले खरिद सम्झौताका समान्य परिभाषाभित्र पर्ने युद्व, प्राकृतिक प्रकोप आदि घटना समेतलाई जनाउंदछ ।

**५. व्याख्या (Interpretation)**



Government of Nepal
Ministry of Health & Population
Department of Helath Services
Teku, Kathmandu

५.१ आधिकारिक व्यक्ति वा पक्षले सम्बन्धित संस्था, संगठनलाई पनि जनाउंदछ । एक वचन वा कुनै लैङ्गिक शब्दले “बहुबचन” वा अर्को लैङ्गिक शब्दलाई जनाउंदछ ।

**६. कागजपत्रको प्राथमिकता (Priority of Documents)**

६.१ सम्झौतामा संलग्न कागजपत्रहरुलाई एक अर्कासंगको व्याख्यात्मक रुपमा लिइनु पर्दछ । यदि कागजपत्रहरुमा कुनै अस्पष्टता वा विसंगति (अन्तर वा भेदभावपूर्ण ) देखिन आएमा खरिद निकाय र सेवा प्रदायकलाई आवश्यक कुनै पनि निर्देशन दिने र कागजपत्रहरुको प्राथमिकता तपसील बमोजिमको क्रममा हुनेछ ।

- सम्झौता र सम्झौताका शर्तहरु, सम्झौताका परिशिष्टहरु
- प्रस्ताव र प्रस्तावसाथ संलग्न कागजातहरु
- प्रस्तावदातालाई निर्देशन ।

**७. कानून (Law)**

७.१ खरिद सम्झौता कार्यान्वयनको सन्दर्भमा नेपाल सरकारको प्रचलित सार्वजनिक खरिद कानून र सो कार्यान्वयन गर्न सहायक अन्य कानुन लागू हुनेछन् ।

**८. पत्र ब्यवहार वा संचार (Communication)**

८.१ “कार्यालय” वा “सेवा प्रदायक” ले विशेष र अप्रत्याशित अवस्थामा वाहेक कुनै पनि सूचना दिने, निर्देशन दिने वा अन्य पत्राचार गर्ने परेमा यस्तो पत्राचार नेपाली भाषामा लिखित रुपमा गर्नुपर्दछ । यस्तो संचार वा पत्र व्यवहार अनुचित तबरले रोक्नु वा ढिलाई गर्नु हुंदैन । साथै आवश्यकताअनुसार फ्याक्स, इमेलको माध्यमबाट सम्प्रेषण गरिएको व्यहोरा तथा सूचना पनि सुपुदर्गी समय भित्र पुगेमा संचार भएको मानिनेछ ।

**९. कर तिर्ने कानूनी दायित्व (Statutory Obligation of Taxes)**

९.१ सेवा पुऱ्याए वापत स्थानीय रुपमा तिर्नु पर्ने सबै कर, शुल्क तथा फि आदि सेवा प्रदायक आफैले तिर्नुपर्नेछ । सेवा प्रदान गर्ने अवधिमा प्रचलित आयकर ऐन तथा नियमावली तथा आर्थिक ऐन बमोजिम लाग्ने आयकर सेवा प्रदायकले तिर्नुपर्नेछ । अग्रिम रुपमा आयकर आयोगले सम्बन्धित राजस्व कार्यालयमा जम्मा गरी दिनेछ । सम्झौतामा उल्लिखित सबै करहरुको दायित्व सेवा प्रदायकमा समावेश भएको मानिनेछ ।

**१०. सेवा पुऱ्याउने स्थानको व्यवस्था (Work Site Provision)**

१०.१ कार्यालयले सेवा प्रदायकलाई कार्यालयमा सेवा पुऱ्याउने स्थान र त्यसमा आवागमन गर्ने सुविधा तथा हक उपलब्ध गराउनु पर्नेछ ।

**११. कार्यालयको निर्देशन (Instruction) पालना**

११.१ कार्यालयले सेवा प्रदायकलाई दिएको सेवा प्रदान गर्ने कार्यसंग सम्बधित सबै निर्देशनहरु तुरुन्तै पालना गर्नु पर्नेछ । कार्यालयबाट यस्तो निर्देशन प्राप्त गरेमा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएको योग्यता भएको व्यक्ति प्रतिस्थापन गर्नु पर्नेछ ।

**१२. स्वीकृति (Approval)**

१२.१ सेवा प्रदायक वा निजको अधिकृत प्रतितिधिले कुनै कार्यालय कार्य विवरण तथा कार्यक्षेत्रगत शर्तमा उल्लिखित सेवा सम्बन्धमा कार्यालयको स्वीकृति वा सहमति वा टिप्पणी माग गरेकोमा सोको प्रत्युत्तर नदिदैमा सेवा प्रदायकको दायित्वमा कुनै असर पर्ने छैन ।

**१३.. कार्यालयको आधिकारिक ब्यक्ति वा प्रतिनिधि**



Government of Nepal
Ministry of Health & Population
Department of Health Services
Teku, Kathmandu

१३.१ सेवा करार संचालनको लागि कार्यालयको तर्फबाट आधिकारिक व्यक्ति तोकिनेछ । यस्तो आधिकारिक व्यक्तिको जानकारी कार्यालयले खरिद सम्झौता भएको ३ दिनभित्र गराउनेछ । निज नै खरिद सम्झौता कार्यान्वयन गर्ने प्रपुख प्रतिनिधि हुनेछ ।

**१४. सेवा प्रदायक (Service Provider) को कर्तब्य तथा दायित्वहरु**

१४.१ कार्यक्षेत्रगत शर्त र कार्यविवरण अनुसार सेवा प्रदायकले स्तरीय र पेशागत मापदण्ड, गुणस्तर, छिटो छरितो तथा कार्यालय र कार्यालयको सेवाग्राहीहरुप्रति उत्तरदायी र जवाफदेहीपूर्ण भई सम्झौता बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ ।

१४.२ सेवा प्रदायकले कार्यालयमा खटाएको कर्मचारीलाई नियमित र निरन्तर सुपरीवेक्षण तथा आवश्यकता अनुसार प्रशिक्षणको समेत व्यवस्था गरी सेवा करार खरिद सम्झौता नियमित र निरन्तर कार्यान्वयन गर्नुपर्नेछ ।

१४.३ सेवा प्रदायकले कार्यालयमा खटाएको कर्मचारी/सुरक्षा गार्डहरुलाई नेपाल सरकारले तोकेको नयूनतम ज्याला भन्दा कम पारिश्रमिक भुक्तानी गर्न पाइने छैन । कवोल अंकमा कम उल्लेख भई कानुनी विवाद उत्पन्न भएको अवस्थामा प्रस्तावदाता स्वयंको आर्थिक व्ययभार हुनेछ ।

१४.४ सुरक्षा गार्डलाई आवश्यक पर्ने युतिफर्म, दशैं खर्चको लागि एक महिनाको पारिश्रमिक तथा आवश्यकता अनुसारको हातहतियार, टर्च लाईट, सोको ब्याट्री, रेनकोट, गमबुट, सिरी, लाठी आदि सेवा प्रदायक संस्था आफैले उपलब्ध गराउनु पर्नेछ ।

**१५. कार्य सम्पादन जमानत (Performance Security)**

१५.१ सम्झौ ा गर्ने समयमा सेवा प्रदान गर्ने स्वीकृति पत्रमा उल्लिखित सेवा करार सम्झौता रकमको ५ प्रतिशतले कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ । सेवा प्रदायकले यस्तो जमानत कार्यालयको धरौटी खातामा नगद जम्मा गरी वा कार्यालयलाई मान्य हुने ढाचामा बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ ।

**१६. कार्य सम्पादन (Execution of Work)**

१६.१ सेवा प्रदायकले कार्य शुरु गरेको दिन देखि यो सम्झौता समाप्तिको समय सम्म लगातार विना ढिलाई सेवा प्रदान गर्नुपर्नेछ । कार्यालयमा खटिएका कर्मचारीहरुको ढिलाई, अनुपस्थित वा लापरवाहीले कार्यालयको काममा वाधा अवरोध तथा हानी पुगेमा त्यसको जिम्मेवरी सेवा प्रबदायकको हुनेछ । यसबाट पर्ने दायित्व सेवा प्रदायकले क्षतिपूर्ति गर्नु पर्नेछ ।

**१७. पेश्की व्यवस्था**

१७.१ प्रस्तुत खरिद सम्झौता अन्तरगत सेवा प्रदायकलाई कार्यालयले कुनै प्रकारको पेश्की दिन छैन ।

**१८. सेवा प्रदायकबाट कार्यलयमा खटाएको कर्मचारीको परिवर्तनरप्रतिस्थापन**

१८.१ सेवा प्रदायकले सेवा प्रदान गर्ने कार्यालयमा खटाएको कर्मचारीहरु परिवर्तन/प्रतिस्थापन गर्नुपरेमा कार्यालयमा कम्तिमा ७ दिन अघि सूचना गर्नु पर्नेछ । सेवा प्रदायकले यस्तो सूचना गर्दा परिवर्तन गर्नु पर्ने अपरिहार्य कारण तथा प्रस्तावित कर्मचारीको विवरणहरु प्रस्ताव कागजातमा उल्लेखित ढांचाकै वैयक्तिक विवरण तथा योग्यता प्रमाणपत्र र अन्य विवरणहरुसंग सम्बन्धित विषयहरुको प्रमाणित कागजात पनि साथै पेश गर्नु पर्नेछ । प्रस्तावित सुरक्षा गार्ड साविककै योग्यता, अनुभव तथा सीप भए बरावर वा सो भन्दा माथीको हुनु पर्नेछ । प्रस्तावित कर्मचारी परिवर्तन/प्रतिस्थापन गर्ने स्वीकृति कार्यालयको प्रतिनिधि मार्फत प्रदान गरिनेछ । यसरी स्वीकृति प्रदान नगरेसम्म कर्मचारी परिवर्तन गर्न पाइने छैन । परिवर्तन गर्ने स्वीकृतिको जानकारी कार्यालय प्रतिनिधि मार्फत पत्र प्राप्त भएको ३ दिनभित्र हुनेछ ।

**१९. सेवा आवश्यक नभएमा कार्यालयमा खटाएको कर्मचारीको सेवा अन्त्य गर्न सकिने**

१९.१ कार्यालयले कार्य विवरण तथा कार्यक्षेत्रगत शर्तमा उल्लेख गरेका कुनै वा सबै सेवा कार्यहरु पूर्ण वा आंशिक रुपमा आवश्यक नभई कार्यालयमा खटाएको कर्मचारीको संख्या कटौती गरी सेवा



Government of Nepal
Ministry of Health & Population
Department of Helath Services
Teku, Kathmandu

अन्त्य गर्नुपरेमा कार्यालयले सेवा प्रदायकलाई एक महिनाको सूचना दिई कर्मचारीहरुको सेवा अन्त्य गर्नको लागि निर्देशन दिन सक्नेछ । यसरी सूचना प्राप्त भएपछि उल्लेखित अवधिभित्र सेवा प्रदायकले त्यस्तो कर्मचारीहरु हटाउनुपर्नेछ ।

**२०. खरिद सम्झौताको संशोधन**

२०.१ दुबै पक्षको आपसी सहमतिमा सेवा करारको खरिद सम्झौतामा संशोधन गर्न सकिनेछ ।

**२१. कार्य सम्पन्न गर्ने समयमा वृद्धि (Time Extension)**

२१.१ सम्झौता अनुसार करार अवधि समाप्त हुनु एक महिना अगाडी यस सम्बन्धी जानकारी सेवाप्रदायकले आयोगलाई गराउनु पर्नेछ र करार नवीकरण गरि सेवा अवधि थप गर्ने आशयको पत्र आयोगको कार्यालयमा बुझाउनु पर्नेछ ।

२१.२ कुनै कारणवश कार्यालयले अर्को आर्थिक बर्षको लागि सेवा करार सम्झौ ा ार्ग नसकेको अवस्थामा यसै खरिद सम्झौताको दर बमोजिम बढीमा ३ महिनासम्मको लागि सेवा करारको समयमा वृद्धि गर्न सकिनेछ र सो अवधिसम्म निजले सुरक्षा गार्डहरुको सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सेवा प्रदान गर्नु सेवा प्रदायकको कर्तब्य हुनेछ ।

२१.३ यदी सेवा प्रदायकको सेवा सन्तोषजनक भएमा एक आर्थिक बर्षको लागि यसै खरिद सम्झौताको दररेट बमोजिम करार अवधि थप गर्न सकिनेछ ।

**२२. खरिद निकायको परिवर्तन गर्ने अधिकार (Right to Change/Replacement)**

२२.१ कार्यालयमा सेवा प्रदायकले खटाएको कर्मचारीले सेवा प्रदान गर्ने कार्य अपेक्षित गुणस्तर, समय, तरिका र जिम्मेवारपूर्ण रुपमा प्रदान गर्न नसकेमा वा निज शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा प्रदान गर्न असमर्थ भएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लंघन गरेमा कार्यालयले आवश्यकता अनुसार त्यस्तो कर्मचारीको प्रतिस्थापन गर्न आदेश दिन सक्नेछ । यस्तो आदेश प्राप्त भएमा सेवा प्रदायकले सेवा अवरुद्ध नगरी तुरुन्तै पालना गर्नुपर्नेछ ।

**२३. प्ररम्भिक चेतावनी (Early Warning)**

२३.१ सेवामा व्यवधान वा ढिलाई गर्ने वा अक्तिरिक्त दावीको श्रृजना हुने अवस्था देखिएमा कुनै एक पक्षले अर्को पक्षलाई तुरुन्त सूचित गर्नेछ । सेवा प्रदायकले यस्ता प्रभावहरुलाई ा ार्गका लागि सम्भाव्य सबै उचित उपायहरु अवलम्बन गर्नु पर्नेछ । यदि सेवा प्रदायकले तदारुकताका साथ मनासिव कार्यवाही गरी यथासमयमै सूचित गरेको रहेछ भने सम्भावित दायित्वबाट सेवा प्रदायक मुक्त हुनसक्नेछ । तर यथार्थ कारणहरु मनासिव नभए सेवा प्रदायक दायित्वबाट मुक्त हुनेछैन ।

**२४. भुक्तानी ब्यवस्था**

२४.१ सेवा प्रदायकलाई भुक्तानीको व्यवस्था निम्नानुसार हुनेछ :

२४.१.१ **मासिक भुक्तानी विवरण पेश गर्ने** : सेवा प्रदायकले सेवा गरेको महिना पुरा भएपछि स्वीकृत दररेट तथा कार्यालयमा सेवा प्रदायकले खटाएको सुरक्षाकर्मीहरुले सेवा प्रदान गरेको समयावधिको आधारमा खरिद सम्झौता कार्यान्वयन गर्ने प्रतिनिधिबाट प्रमाणित गराई महिना वितेको ७ गते भित्र भुक्तानिको लागि मूल्य अभिवृद्धि कर सहितको बील पेश गर्नुपर्नेछ ।

२४.१.२ **भुक्तानी गर्ने बिलको ढांचा** : सेवा प्रदायकले मासिक भुक्तानी बील पेश गर्दा प्रचलित सार्वजनिक खरिद नियमावलीमा उल्लेखित बील, विजकमा समावेश हुनुपर्ने विवरणहरु समेत समावेश गरी तोकेको ढांचामा पेश गर्नुपर्नेछ । कार्यालय प्रतिनिधिले आफु समक्ष बील पेश भएको बढीमा ३ दिनभित्र कार्यालयले काम अवधि (कार्यदिन), दररेट, मासिक भुक्तानी रकम तथा कार्यालयमा खटाएको कर्मचारीलाई गत महिनामा वितरण गरेको पारिश्रमिकको प्रमाण कागजात जााच परीक्षण तथा प्रमाणित गरी भुक्तानीको लागि आर्थिक प्रशासनमा पठाउनुपर्नेछ ।

**२५. अन्तिम भुक्तानी (Final Payment)**



Government of Nepal
Ministry of Health & Population
Department of Helath Services
Teku, Kathmandu

२५.१ खरिद सम्झौता अवधि समाप्त भएको महिनाको अन्तिम बील भुक्तानी गर्दा सेवा प्रदायकको कुनै दायत्वि भए सो कटाएर मात्र भुक्तानी गरिनेछ।

२५.२ सेवा प्रदायकले अन्तिम बिल भुक्तानीको लागि पेश गरेपछि कार्यालय प्रतिनिधिले सेवा प्रदायकको कार्यसम्पादन अवधिमा त्रुटी र आर्थिक दायित्व नभएको अवस्थामा कार्यालयको प्रतिनिधिले कार्य स्वीकार प्रतिवेदन तयार गरी कुनै दावी नभएको अवस्थामा भुक्तानीको लागि पठाउनुपर्नेछ।

२५.३ अन्तिम भुक्तानी भईसकेको अवस्थामा कुनैपनि प्रकारको दावी भुक्तानी हुने छैन।

## २६. सेवा प्रदायकको त्रुटी वा दोष

२६.१ सेवा प्रदायकले सेवा कार्य छाडेमा वा कार्यालयको बैधानिक निर्देशनलाई पालना नगरेमा वा अस्वीकार गरेमा वा तदारुकताकासाथ काम नगरी ढिलाई गरेमा वा लिखित आदेश दिंदा समेत सम्झौताको विपरित गएमा कार्यालयले यस उपखण्डलाई उल्लेख गरी दोष वा त्रुटीलाई तोकेर सूचित गर्नसक्नेछ। यदि सेवा प्रदायकले कार्यालयको सूचना प्राप्त गरेको ३ दिनभित्र त्रुटीलाई सच्याउन यथासम्भव उपायहरुको अवलम्बन नगरेमा कार्यालयले अर्को ३ दिनभित्र दोस्रो सूचनाद्वारा खरिद सम्झौता तोड्न सक्नेछ। त्यसपछि सेवा प्रदायकले सुरक्षा गार्डहरुलाई कार्यस्थलबाट हटाउनुपर्नेछ। यसरी सेवा प्रदायकको सेवा करार खरिद सम्झौता तोकिएको अवस्थामा निजलाई कालोसूचीमा समेत राख्ने कारबाही गरी नयां खरीद सम्झौता गर्दा कार्यालयलाई थप आर्थिक व्ययभार परेमा निज सेवा प्रदायकको कार्यालय वा अन्यत्र सरकारी कार्यालयमा रहेको रकमबाट असुल गरिनेछ र सो नभए सरकारी बांकी सरह असुलउपर गरिनेछ।

## २७. कार्यालयको त्रुटी वा दोष (Default by Employer)

२७.१ यदि कार्यालयले खरिद सम्झौता बमोजिम भुक्तानी दिंदैन अथवा लिखित उजुरी गर्दा पनि सम्झौताको उल्लंघन गर्दछ भने यस उपखण्ड अन्तर्गत सेवा प्रदायकले त्रुटी तोकी सूचित गर्न सक्दछ र कार्यालयले सूचना प्राप्त गरेको ७ दिनभित्रमा पनि उक्त दोषलाई सच्याएन भने सेवा प्रदायकले चरणबद्ध रुपमा सुरक्षा गार्डहरुको सेवा स्थगित गर्न सक्नेछ।

## २८. ठेक्का सम्झौता तोडेपछि भुक्तानी (Payment upon Termination)

२८.१ ठेक्का सम्झौता तोडिएको अवस्थामा सेवा प्रदायकले सम्पादन गरिसकेको सेवा कार्यको भुक्तानी हुन बांकी रकमको भुक्तानी कुनै सरकारी दायित्व बााकी भए सो कट्टा गरी बााकी रकम भुक्तानी पाउने छ।

## २९. पूर्व निर्धारित क्षतिपूर्ति (Liquidated Damages)

